चौबीस घण्टामा एक पटक पाठ गर्नुपर्ने जसले यो प्रार्थना पाठ गर्न चाहन्छ उसले उठेर ईश्वरतर्फ फर्कोस् र आफ्नो ठाउँमा उठेकै बेलामा अति करुणामय, दयावान् आफ्नो प्रभुको प्रतीक्षा गरे झैं दायाँ अनि बायाँतर्फ हेरोस् । त्यसपछि उसले भनोस् :

हे तिमी जो सबै नामहरूका स्वामी तथा स्वर्गहरूका निर्माता हौ ! तिम्रो अति उत्कृष्ट, सर्व–गौरवमय अदृश्य सारसत्वका सूर्यहरूको शपथ लिएर म याचना गर्दछु कि मेरो प्रार्थनालाई एक आगो बनाइदेऊ जसले ती पर्दाहरूलाई जलाइदिने छ जसले मलाई तिम्रो सौन्दर्यबाट छेकिदिएको छ र त्यसलाई एक बत्ती बनाइदेऊ जसले मलाई तिम्रो सामीप्यको सागरतर्फ डोर्याउनेछ ।

*त्यसपछि उसले विन्तीभाउका साथ हात उठाएर "उनी धन्य तथा सर्वोत्कृष्ट छन्" भनोस् :*

हे तिमी ब्रह्माण्डका चाहना र राष्ट्रहरूका प्रेमी ! तिमीले देखिरहेका छौ कि म तिमीतिर अभिमुख भएको छु, तिमीबाहेक अन्य सबैसँगको लिप्ततालाई त्यागेको छु र तिम्रो डोरी समातेको छु जसको गतिद्वारा समस्त सृष्टि नै उत्तेजित गराइएको छ । हे मरो प्रभु म तिम्रो सवेक हुँ र तिम्रो सवेकको सन्तान हुँ । तिम्रो इच्छा र तिम्रो चाहनालाई पालन गर्न तिम्रो इच्छाबाहेक अरू केहीको पनि चाहना नगरी म उभिरहेको छु । तिम्रो करुणाको सागर र तिम्रो कृपाको सूर्यद्वारा म याचना गर्दछु कि तिमीले जे इच्छा गर्छौ आफ्नो सवेकलाई त्यही गर । उच्चारण तथा स्तु स्तुतिभन्दा अति उच्च तिम्रो शक्तिको शपथ ! तिमीले जे पनि प्रकट गर्छौ त्यो मेरो हृदयको चाहना र मेरो आत्माको अतिप्रिय हो । हे ईश्वर, मेरा ईश्वर ! मेरा आशा तथा कर्महरूलाई नहेर, हैन बरू तिम्रा आज्ञाहरूलाई हेर जसले समस्त स्वर्ग तथा पृथ्वीलाई धारण गरेको छ । तिम्रो अति महान् नामको शपथ, हे तिमी सबै राष्ट्रहरूका प्रभु ! तिमीले जे चाहेका थियौ मैले त्यही चाहेको छु, र तिमी जे मन पराउँछौ म त्यही मन पराउँछु ।

*त्यसपछि उसले घुँडा टेकोस्, र आफ्नो निधारलाई भुँइतर्फ निहुराएर भनोस् :*

तिमीबाहेक अन्य सबैको वर्णन र तिमीबाहेक अन्य सबैको ज्ञान भन्दा तिमी अति उत्कृष्ट छौ ।

*त्यसपछि उसले उभिएर भनोसः*

हे मेरा प्रभु ,मेरो प्रार्थनालाई जीवित जलको फोहरा बनाइदेऊ, जसद्वारा म तिम्रो साम्राज्य रहेसम्म बाँचिरहन सकुँ र तिम्रा ससांरहरूको प्रत्यके ससांरमा तिम्रो नामोच्चरण गर्न सकूँ ।

*विन्तीभाउका साथ उसले हात उठाओस् र भनोस् :*

हे तिमी जोसँगको वियोगले हृदय र आत्माहरू पग्लको छन्, जसको पमे्रको ज्वालाले समस्त सृष्टिलाई सल्काएको छ । सारा सृष्टिलाई आफ्नो अधीनमा राख्ने तिम्रो नामद्वारा म विन्ती गर्दछु कि तिमीसँग जे छ त्यसबाट मलाई वञ्चित नगराऊ, हे तिमी जो समस्त मानिसहरूमाथि शासन गर्दछौ ! तिमी देख्दैछौ, हे मेरा प्रभु, यो नौलो मान्छे तिम्रो महिमाको तम्बू मुनि र तिम्रो करुणाको प्राङ्गणभित्रको आफ्नो अति उत्कृष्ट वासस्थानतर्फ लम्किरहेको छ; र यो अपराधी तिम्रो क्षमाको सागरको खोजी गरिरहेको छ; र यो विनम्र व्यक्ति तिम्रै गारैवको दरबारको खोजीमा छ; र यस बिचरा प्राणी तिम्रो वैभवको पूर्व दिशा खोज्दै छ । तिमी जे इच्छा गर्दछौ त्यसको आज्ञा दिने अधिकार तिम्रै छ । म साक्षी दिन्छु कि तिम्रा कर्महरू प्रशंसनीय छन्, तिम्रा आज्ञाहरू पालन गनर्पुर्छ र तिम्रो आज्ञाप्रति अनुकुण्ठित रहनपुर्छ ।

*त्यसपछि उसले हात उठाओस्, र अति महान् नाम (अल्ला–उ– आभा) लाई तीन पटक उच्चारण गरोस् । त्यसपछि आफ्ना हातलाई घुँडामा राखी ईश्वरप्रति निहुरिएर "उनी धन्य तथा सर्वोत्कृष्ट छन्" भनोसः*

हे मेरा ईश्वर ! तिमी देखिरहेछौ कि तिम्रो पजूा गर्ने, तिमीलाई स्मरण गर्ने र तिम्रो प्रशसां गर्ने आकांक्षाले कसरी मेरा अङ्गहरू उत्तेजित भएका छन्; कसरी यसले साक्षी दिएको छ कि तिम्रो आज्ञाको जिह्वाले तिम्रो उच्चारणको अधिराज्यमा र तिम्रो ज्ञानको स्वर्गमा प्रमाणित गरेको छ । हे मेरा प्रभु, यस अवस्थामा म तिमीसँग जे छ ती सबैको भिक्षा माग्न चाहन्छु ताकि म मेरो विपन्न तालाई प्रदर्शित गर्न, तिम्रो दानशीलता र सम्पत्तिको प्रशंसा गर्न तथा मेरो शक्तिहीनतालाई घोषणा गर्न र तिम्रो शक्ति र बललाई प्रकट गर्न सक्नेछु ।

*त्यसपछि ऊ उठोस् र दुई पटक विन्तीभाउका साथ हात उठाओस् र भनोस् :*

तिमीबाहेक सर्व–शक्तिमान्, अति कृपालु ईश्वर कोही छैन । तिमीबाहेक विधाता, ईश्वर अरू कोही छैन, न त शुरुमा न त अन्त्यमै । हे ईश्वर ! मेरा ईश्वर ! तिम्रो क्षमाले मलाई बल दिएको छ, र तिम्रो करुणाले मलाई सुदृढ बनाएको छ, र तिम्रो आह्वानले मलाई ब्यूँझाएको छ, र तिम्रो अनुग्रहले मलाई उठाएर तिमीकहाँ पुर्याएको छ । नत्र म को हुँ कि तिम्रो सामीप्यको शहरको ढोकाामा उभिने आटँ गर्ने थिएँ वा आफ्नो अनुहारलाई तिम्रो इच्छाको स्वर्गबाट चम्किएका प्रकाशहरूतर्फ फर्काउन सक्ने थिएँ ? हे मेरा प्रभु, तिमीले यस निकृष्ट जीवलाई तिम्रो अनुग्रहको ढोकामा ढकढकाइरहेको र यो चाँडै अलप हुने आत्माले तिम्रो दानशीलताको हातबाट अनन्तकालस्थायी नदी खोजिरहेको देख्दैछौ । तिम्रो आज्ञा सधैँका लागि हो, हे तिमी जो सबै नामहरूका मालिक हौ र मेरो भने सहिष्णुता र तिम्रो इच्छाप्रतिको आत्म–समर्पण नै हो, हे स्वर्गहरूका स्रष्टा !

*त्यसपछि उसले आफ्नो हात तीन पटक उठाओस् र भनोस् :*

प्रत्येक श्रेष्ठभन्दा ईश्वर झन् श्रेष्ठ छन् !

*त्यसपछि उसले घुडाँ टेकोस्, आफ्नो निधारलाई भुइमाँ झुकाएर भनोस्ः*

तिम्रो नजिकका व्यक्तिहरूको स्तुति तिम्रो सामीप्यको स्वर्गमा पुग्नकालागि वा तिमीप्रति जो समर्पित छन् उनीहरूको हृदयका पक्षीहरूलाई तिम्रो द्वारको संघार प्राप्त गर्न तिमी ज्यादै उच्च छौ । म साक्षी दिन्छु कि तिमी सबै गुणहरूभन्दा चोखो तथा सबै नामहरूभन्दा पवित्र गराइएका छौ । अति उत्कृष्ट, सर्व–गौरवमय ईश्वर तिमीबाहेक अरू कोही छैन ।

*त्यसपछि उसले बसेर भनोस्ः*

म त्यस कुराको साक्षी दिन्छु जुन कुराको सृष्टिका सबै वस्तुहरूले प्रमाणित गर्दछन् र सर्वोच्च स्वर्गका निवासीहरू र तिनीहरूभन्दा पनि टाढा सर्व–गौरवमय क्षितिजबाट महिमाको जिह्वा स्वयंले प्रमाणित गरेका छन्, र जो प्रकट गरिएका छन् उनी नै गूढ रहस्य, बहुमूल्य चिन्ह हुन्, जसद्वारा दुई अक्षर "भ" र "व" (भव) जोडिएर गाँसिएका छन् । म साक्षी दिन्छु कि उनी तिनै हुन् जसको नाम अत्युच्चको कलमबाट लेखिएको हो, र जसको उल्लेख स्वर्गीय सिंहासन र पृथ्वीका स्वामी प्रभु ईश्वरको पुस्तकमा भएको छ ।

*त्यसपछि ऊ सीधा उठोस् र भनोस्ः*

हे समस्त जीवका स्वामी तथा सारा दृश्य तथा अदृश्य वस्तुहरूका मालिक ! तिमीले मेरा आँसुहरू र मेरा सुस्केराहरूलाई देखिरहेछौ, र मेरो पीडा, मेरो रोदन र मेरो हृदयको विलाप सुनिरहेका छौ । तिम्रो शक्तिको शपथ ! मेरा अपराधहरूले मलाई तिम्रो नजिक पुग्नबाट रोकिरहेका छन् र मेरा पापहरूले तिम्रो पवित्रताको दरबारबाट टाढा राखिरहेका छन् । हे प्रभु, तिम्रो प्रेमले मलाई सम्पन्न बनाएको छ, र तिमीसँगको वियोगले मलाई नष्ट गरेको छ, र तिमीसँगको टाढापनले मलाई ध्वस्त पारेको छ । यस मरुभूमिमा टेकेका तिम्रा पाइलाहरू तथा यस अनन्ततामा तिम्रा प्रियजनहरूले "म यहाँ छु, म यहाँ छु" भनी उच्चारण गरेका शब्दहरू तथा तिम्रो प्रकटीकरणको श्वास र तिम्रो प्रकटीकरणको प्रभातको मधुर हावाद्वारा म याचना गर्दछु कि मलाई तिम्रो सौन्दर्यलाई हेर्न र तिम्रो पुस्तकमा जे जे लेखिएको छ त्यसलाई अनुसरण गर्न आज्ञा देऊ ।

त्यसपछि उसले अति महान् नाम तीन पटक उच्चारण गरोस् र हातलाई घुँडामा राखेर निहुरियोस् र भनोस्ः

तिम्रो जय जय होस्, हे मेरा ईश्वर, कि तिमीले मलाई तिमीलाई सम्झन र तिम्रो प्रशंसा गर्न सहायता गर्यौ, र जो तिम्रा चिन्हहरूका सूर्य छन्, उनलाई चिनाइ दिएका छौ, र तिम्रो स्वामित्वको अगाडि निहुरिन र तिम्रो दैवत्वको सामुन्ने साष्टाङ्ग दण्डवत् गर्न, र जे तिम्रो महिमाको जिह्वाद्वारा उच्चारण भएको छ त्यसलाई स्वीकार्न लगाएका छौ ।

*त्यसपछि ऊ उभियोस् र भनोस्ः*

हे ईश्वर, मेरा ईश्वर ! मेरा पापहरूको भारले मेरो ढाड कुप्रिएको छ, र मेरो असावधानीले मलाई नष्ट पारेको छ । जब पनि म आफ्ना दुष्कर्महरू र तिम्रो दयालुताप्रति विचार गर्दछु मेरो हृदय म भित्र पग्लन्छ, र मेरो रगत मेरा नसाहरू भित्र उम्लन्छ । तिम्रो सौन्दर्यको शपथ, हे तिमी समस्त संसारका चाहना ! मेरो मुख तिमीतिर फर्काउँदा म लज्जित हुन्छु, र मेरा विन्ती गरिरहेका हातहरू तिम्रो दानशीलताको स्वर्गतर्फ पसार्दा सर्माउँदछन् । तिमी देखिरहेछौ, हे मेरा ईश्वर, कसरी मेरा आँसुले तिम्रो स्मरण गर्न र तिम्रा सद्‌गुणहरूको प्रशंसा गर्नबाट मलाई रोकिरहेका छन्, हे तिमी स्वर्ग तथा पृथ्वीका सिंहासनका स्वामी ! तिम्रा अधिराज्यका चिन्हहरू तथा तिम्रा प्रभुत्वका रहस्यहरू द्वारा म विन्ती गर्दछु तिम्रा प्रियजनहरूसँग तिम्रो दानशीलता सुहाउँदो र तिम्रो अनुग्रह सुहाउँदो व्यवहार गर, हे समस्त जीवका स्वामी, हे दृश्य तथा अदृश्यका सम्राट् !

*त्यसपछि उसले अति पवित्र नामलाई तीन पटक दोहोर्याओस्, र आफ्नो निधारलाई भुइँमा छुनेगरी घुँडा टेकोस् र भनोस्ः*

तिम्रो जय जय होस्, हे हाम्रा ईश्वर, कि तिमीले हाम्रो लागि जे पठाएका छौ त्यसले हामीलाई तिम्रो सामीप्यतर्फ तानिरहेको छ, र तिमीले आफ्ना पुस्तकहरू तथा आफ्ना ग्रन्थहरूमा पठाएका सबै राम्रा कुराहरू हामीलाई दिएका छौ । हामी याचना गर्दछौ हे प्रभु कि हामीलाई अनेकौव्यर्थ कल्पनाहरू तथा तुच्छ विचारहरूबाट सरुक्षित राख । साँच्चै नै तिमी शक्तिशाली, सर्व–ज्ञानी छौ । त्यसपछि उसले आफ्नो शिर उठाओस् ,बसोस् र भनोस् : हे मेरा ईश्वर, म साक्षी दिन्छु कि तिम्रा प्रियजनहरूले त्यस कुरालाई प्रमाणित गरेका छन् र स्वीकार गरेका छन् जनु करुा सर्वोच्च स्वर्गका निवासीहरू र तिम्रा शक्तिशाली सिंहासनका वरिपरि घुम्नेहरूले स्वीकारेका छन् । पृथ्वी तथा स्वर्गका अधिराज्यहरू तिम्रै हुन्, हे संसारहरूका स्वामी !

— *बहाउल्लाह*